# सामुदायिक मेलमिलापकर्ताको आचार संहिता , योग्यता  र विविध व्यवस्था गर्न बनेको ऐन २०७७

## प्रस्तावना

नेपालको संविधानले प्रत्याभुत गरेको स्थानीय तहको न्यायिक अधिकारलाई मुर्तरुप दिइ स्थानिय नागरिक हरुको न्यायमा पहूँचलाई सरल र सुलभ बनाउनुका साथै सामुदायिक मेलमिलापकर्ताको गहन र गरिमामय दायित्व र जिम्मेवारीलाई निष्पक्ष, पारदर्शी, जनमुखी र मर्यादित  बनाउन बाञ्छनीय भएकोले यो ऐन मिति २०७७/३/१० गते बसेको गाउँसभाबाट पारित गरी जारी गरिएको छ ।

## भाग १
## प्रारम्भिक

### संक्षिप्त नाम र प्रारम्भः

(१)  यो ऐनको नाम सामुदायिक मेलमिलापकर्ताको आचार संहिता , योग्यता  र विविध व्यवस्था गर्न बनेको ऐन २०७७ रहनेछ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

## भाग २
## परिभाषा र व्याख्या :

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख)“ उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) ऐन भन्नाले सामुदायिक मेलमिलापकर्ताको आचार संहिता , योग्यता  र विविध व्यवस्था गर्न बनेको ऐन २०७७

(घ) “सामुदायिक मेलमिलापकर्ता” भन्नाले वडास्तरमा भएको विवाद समाधानको लागि यस ऐन बमोजिम मेलमिलापकर्ताको रुपमा सूचीकृत भएको व्यक्तिलाई सम्झनु पर्नेछ ।

(ङ) “न्यायिक समिति” भन्नाले गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा गठित तीन सदस्यीय न्यायिक समिति सम्झनु पर्दछ ।

## भाग ३

## सामुदायिक मेलमिलापकर्ताहरुले पालना गर्नुपर्ने आचारणहरु

४. सामुदायिक मेलमिलाप कर्ताहरुले देहायवमोजिमको आचरणहरु अवलम्वन गर्नु पर्ने छ :

४.१. कुनै एक पक्षको प्रतिनिधिको रुपमा नभई एउटा तटस्थ व्यक्तिको रुपमा काम गर्नुपर्ने,

४.२.विवादका पक्षहरुलाई मिलापत्रका शर्तका विषयमा हस्तक्षेप दवाव वा अनुचित प्रभाव पार्न नहुने, विवादका पक्षहरु बीच सहयोगीको भुमिका खेल्नुपर्ने,

४.३ लैङगिक विभेद, जातजाती, आर्थिक स्तर वा राजनैतिक संलग्नताको आधारमा कुनै प्रकारको झुकाव, भेदभाव र पूर्वाग्राही भावना देखाउन नहुने,

४.४.संविधान र प्रचलित कानुन विपरित पक्षहरुको सामाजिक मर्यादा र आत्मसम्मानमा आँच पुग्ने गरी व्यवहार गर्न नहुने,

४.५.मेलमिलाप कार्य बापत विवादका पक्षहरुसँग कुनै किसिमको दस्तुर ठेक्का वा प्रतिशतमा पारिश्रमिक निर्धारण गर्न नहुने,

४.६. सहमति भै वा नभै जुनसुकै अवस्थामा विवाद टुङ्गिदा वा एकान्त वार्ता लगायत मेलमिलाप प्रक्रियाको कममा आफुले थाहा पाएको सुचना वा आफ्नो अनुभवलाई गोप्य राख्नु पर्ने,

४.७. उच्च नैतिक आदर्श कायम राख्नु पर्ने, आफुले मेलमिलाप गरेको मुद्यामा कुनै पनि पक्षको तर्फ बाट अदालतमा कानुन व्यावसायी वा वारेस वा साक्षीको रुपमा उपस्थित हुन नहुने,

४.८. सार्वजनिक रुपमा मदिरा पान गर्न नहुने,

४.९.कार्य सम्पादनको कममा, सशक्तिकरण, धैर्यता, निष्पक्षता, विश्वसनीयता, गोपनियता,जस्ता गुणहरुलाई अवलम्वन गर्नुपर्ने,

४.१०.मेलमिलाप कर्ताहरुले मेलमिलापका प्रक्रिया तथा चरणहरुलाई पुर्णरुपमा पालना गर्नु पर्ने,

४.११.मेलमिलापकर्ताहरुले सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने हिसावले मेलमिलापका चरणहरुलाई अवलम्वन गर्ने ।

४.१२. मेलमिलापकर्ताहरुले मेलमिलाप गराईदिए वापत कसैबाट केहि लिन हुँदैन  र मेलमिलाप गराईदिई सकेपछि सम्वन्धि पक्षको बारेमा सम्वन्धित विवादित विषयलाई लिएर कुनै टिका टिप्पणी नगर्ने

४.१३.मेलमिलापकर्ताहरुले सार्वजनिक स्थलमा प्रचलित कानूनले गर्न नहने भनी तोकेको काम , कुरा वा व्यभार गर्न हुँदैन

४.१४. मेलमिलापकर्ताहरुले आफ्नो क्षेत्राधिकार भित्र पर्ने कुनै पनि विबादहरुका बारेमा प्रचलित प्रक्रिया पूरा गरी आफूसमक्ष विबाद प्राप्त नभएको अवस्थामा त्यस्तो विवादको विषयमा वा विबादित पक्षको बारेमा कुनै टिकाटिप्पणी गर्न हुँदैन

४.१५. कुनै पनि राजनीतिक दलको प्रमुख पदहरुमा रहेको हुनु नहुने

४.१७. गाउँकार्यपालिकाको कार्यालय वा वडा कार्यालयमा कार्यरत कर्मचारी हुनु नहुने

## भाग ४

## अनुगमन सम्बन्धी व्यवस्था

५. सामुदायिक मेलमिलाप सेवा केन्द्र बाट सम्पादित कायर्हरुको प्रभावकारीता,  गुणस्तरीयता, निष्पक्षता लगायतको पक्षहरुको सुनिश्चता गरी यस लाई थप प्रभावकारी बनाउनको लागी सो को अनुगमन उपाध्यक्षको संयोजकत्वमा गठित  न्यायिक समितिले गर्नेछ ।

६.. दफा १ बमोजिम समितिले गर्ने अुनगमनको क्रममा संयोजकले तोकेको कर्मचारीले आवश्यक सहयोग गर्नेछ ।

७. अनुगमन समितिले अनुगमन पश्चात दिएको सल्लाहा , सुझाबको पालन गर्नु  सम्वन्धित मेलमिलापकर्ताहरुको दायित्व हुनेछ ।

## भाग ५
## मेलमिलापकर्ताको योग्यता

८ देहायको व्यक्ति मेलमिलापकर्ता हुन योग्य हुनेछ :

(क) नेपाली नागरिक,

(ख) पच्चीस बर्ष उमेर पुरा भएको,

(ग) मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तिमा स्नातक गरेको,

(घ) मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको,

(ङ) होस ठेगानमा रहेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(छ) साहुको दामासाहीमा नपरेको,

(ज) सामाजिक आचरण भित्र रहेको

(झ) मेलमिलाप सम्बन्धी प्रचलित ऐन विपरीत कुनै काम गरेको कारण मेलमिलापकर्ताको सुचिबाट नाम नहटाइएको ।

९. दफा ८ को खण्ड  (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि पक्षहरु आफैले मेलमिलापकर्ता हुने व्यक्ति प्रस्ताव गरेकोमा त्यस्तो व्यक्ति मेलमिलापर्ता हुन योग्य हुनेछ ।

## भाग ६
## मेलमिलाप कर्ता हटाउन र थप गर्न सक्ने व्यवस्था :

१०. देहायको अवस्थामा न्यायिक समितिले मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउने निर्णय गर्न सक्नेछ ।

१०.१. आचरण सम्वन्धी कुराहरुको बारम्बार उल्लंघन गरेमा

१०.२. माथि दफा ८ मा उल्लेख भए बमोजिमको योग्यता नभएमा

१०.३. अनुगमन समितिले दिएको सल्लाहा सुझाबको पालना वा कार्यान्वयन नगरेमा

११. देहायको अवस्थामा न्यायिक समितिले निर्णय गरी मेलमिलापकर्ताको सूची थप गर्न सक्ने छ ।

११.१. कुनै वडामा जुनसुकै कारणले मेलमिलाकर्ताको नाम सूचीबाट हटी उक्त स्थानमा नयाँ मेलमिलाकर्ताको राख्नु आवश्यक भएमा

११.२. विवादहरुको चापको कारण कुनै वडामा मेलमिलापकर्ताका संख्या थप गर्नु पर्ने भएमा

तर नयाँ थप हुने मेलमिलापकर्ताहरुलाई उचित समयमा आवश्यक तालिमको व्यवस्था गर्नु पर्नेछ ।

## भाग ७
## बिविध

१२. यस ऐनमा लेखिएको कुराहरु प्रचलित अन्य कुनै ऐनमा बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

१३. सामुदायिक मेलमिलाप कर्ताहरुलाई उनीहरुले विवाद समाधान गर्न गरेको योगदानका आधारमा प्रति विबाद रु.५००।- का दरले यातायात खर्च बापत तीन जना सम्मलाई खर्च उपलब्ध गराईनेछ । तर सो

खर्च लिनको लागि प्रत्येक महिनाको ७ गते भित्र अनुसूची १ बमोजिको फाराम र अनुसूची २ बमोजिको निबेदन पेश गरिसक्नु पर्नेछ। ।

अनुसुची १

मेलमिलाकर्ताहरुले यातायात खर्च लिनको लागि भने फाराम

| विवादको | | | | विवाद समाधामा संलग्न मेलमिलापकर्ताको | | | न्यायिक समितिले मेलमिलापको लागि पठाएको पत्रको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लगत दर्ता नं. | लगत दर्ता मिति | लगत कट्। मिति | लगत कट्टाको व्यहोरा | नाम थर | पद | सही | च.नं. | मिति | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची २

मेलमिलापकर्ताहरुले यस ऐनमा तोकिए बमोजिको सुविधा लिनको लागि गाउँकार्यपालिकाको कार्यालयमा दिने निबेदनको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
पाँचपोखरी थाङ्गपाल गाउँपालिका
थाङ्गपालधाप , सिन्धुपाल्चोक ।

विषय : रकम भुक्तानी पाऊँ ।

प्रस्तुत विषयमा हामीले यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको वडा नं .... मा न्यायिक समितिले पठाएको विवाद मध्ये ........... वटा विवादका सम्वन्धित पक्षहरुलाई झिकाई दर्ता भएको विवादको लगत कट्टा  गर्नको लागि ................ सो को प्रतिबेदन अनुसुची १ बमोजिम तयार गरी यसै निबेदन साथ पेश गरेको छु । नियमानुसारको रकम भुक्तानी दिनुहुन अनुरोध छ ।

तपसिल :

१. विवाद फछ्र्यौटको  संख्या :
२. माग गरिएको खर्च शिर्षकहरु :
३. माग गरिएको जम्मा रकम :
४. सम्वन्धित खर्चको विल भपाई , कागजपत्रहरु

निबेदक :
श्री
वडा स्तरीय सामुदायिक मेलमिलाप सेवा केन्द्रको संयोजक
........ वडा , ...........
सिन्धुपाल्चोक ।